## मिति २०८० माघ १९ गतेको २६ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) माडी नगरपालिका चारैतिर राष्ट्रिय निकुञ्जले घेरिएको, ठूलो विरामी भएमा भरतपुर तथा काठमान्डौं जानुपर्ने तर निकुञ्ज भित्रको बाटो पक्की नभएकोले उपचार गर्न जानु पर्दा असुविधा भएको, विरामीको चाप अत्याधिक हुने हुँदा नगर अस्पतालको बेड संख्याले थेग्न नसकेको लगायतका कारणवाट यो नगरपालिका स्थापना नहुँदै अस्पतालको रुपमा सञ्चालनमा आइरहेको बघौडा अस्पताल हाल नगरपालिका अन्तर्गत सञ्चालन गर्नु पर्दा दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन गर्न आर्थिक अभावका कारण समस्या परेको हुँदा उक्त अस्पताललाइ विशेषज्ञ सेवा सहितको प्रादेशिक अस्पतालमा रुपान्तरणको लागि वाग्मती प्रदेश सरकार सँग अनुरोध गर्ने ।

३) यस नगरपालिकाको लागि आ. व २०८१।०८२ मा प्रदेश समपुरक अनुदानको लागि देहायका योजनाहरु प्राविधिक इष्टिमेट बमोजिमको लागत रकम र निम्न प्राथमिकता क्रममा सिफारिस सहित माग गर्ने निर्णय गरियो ।

**योजनाको नाम**

क) सोमेश्वर मा.वि देखि अम्ववास कुन्तिपुर, डाँडागाउँ आमा समुहको भवन हुँदै तारापती टोलवाट नयाँ गाउँले टोल सम्म जाने वाटो कालोपत्रे

ख) वैराठ देखि इनरवरुवा हुँदै ६ नं. वसन्तपुर सम्म पुग्ने बाटो कालोपत्रे

ग) शिवद्धार होमस्टे वाट त्रिवेणी धाम हुँदै राइ गाउँ जाने बाटो कालोपत्रे

४) यस नगरपालिकाको लागि आ. व २०८१।०८२ मा प्रदेश विशेष अनुदानको लागि देहायका योजनाहरु प्राविधिक इष्टिमेट वमोजिमको लागत रकम र निम्न प्राथमिकता क्रममा सिफारिस सहित माग गर्ने निर्णय गरियो ।

**योजनाको नाम**

क) गर्दि स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर सहितको पूर्वाधार निर्माण

ख) हनुमानझुला आधारभुत स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सहितको पूर्वाधार निर्माण

५) यस नगरपालिकाको लागि आ. व २०८१।०८२ मा तराई मधेश सम्बृद्धि कार्यक्रम तर्फ देहायका योजनाहरु प्राविधिक इष्टिमेट बमोजिमको लागत रकम र निम्न प्राथमिकता क्रममा सिफारिस सहित माग गर्ने निर्णय गरियो ।

**योजनाको नाम**

क) वोटे सामुदायीक होमस्टेमा साँस्कृतिक भवन

ख) वघौडा सामुदायीक होमस्टेमा साँस्कृतिक भवन

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन वागमती प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित

२०८०।१०।१९

६) २०७५ सालमा देहायका फर्म तथा कम्पनीहरुको विल रकमवाट धरौटी कट्टा गरिएको तर उक्त रकम धरौती खातामा आम्दानी गर्नु पर्नेमा सञ्चित कोषमै आम्दानी बाँधिएको हुँदा उक्त फर्म तथा कम्पनीहरुलाई देहायको रकम राजश्व फिर्ता शिर्षकवाट भुक्तानी दिने ।

| | |
|---|---|
| स्यान्डविच होम सोलुसन प्रा.ली | रु. २०५०० |
| डालिमा इन्टरनेशनल प्रा.लि | रु. २१,,००० |
| सुर्य किरण फाइवर | रु. २१,००० |
| ओम सत्य साइ कन्स्ट्रक्सन | रु. २०,००० |
| मामा भान्जा हार्डवेयर | रु. १८,००० |

७) देहायका कार्यक्रम तथा संस्थालाई जितिया शिवरात्री लगायतका कार्यक्रम शिर्षकवाट देहायको रकम प्रदान गर्ने

| | |
|---|---|
| माडी महाशिवरात्री मेला आयोजक समिति | रु १,००,००० |
| ल्होसार मेला हनुमानभुला | रु ५०,००० |
| रेवा त्रिवेणीधाम मेला | रु ५०,००० |
| नेपाल तामाङ्ग घेदुङ्ग माडी | रु ५०,००० |

८) यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

९) योजना शाखाका कार्यरत सुमित कुमार पटेललाई मासिक रु ५००० प्रोत्साहन भत्ता २०८० माघ महिना देखि उपलब्ध गराउने ।

१०) संघिय सरकार शसर्त अनुदान तर्फ स्यालो ट्यूवेल जडान वडा नं १० भएकोमा यस नगरपालिकामा वडा नं ९ मात्र भएको र वडा नं १० हनुमानभुलालाई प्रस्तावित गरिएको तर निर्णय नभएको कारण हाल वडा नं ९ हनुमानभुलामा नै उक्त योजना कार्यान्वयन गर्ने ।

११) यस माडी नगरपालिका र भरतपुर महानगरपालिका विच भगिनी सम्वन्ध कायम गर्नलाई प्रक्रिया अघि वढाउने ।

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित
२०८०।१०।१९